# क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल

## Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति
Central Committee

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

मिति : ..................................

# प्रेस वक्तव्य

ओली नेतृत्वको गठबन्धन सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धका विरुद्ध (जेन-जेड) को आयोजनामा आज देशैभर विरोध प्रदर्शन भइरहेको छ । उक्त विरोध प्रदर्शनका क्रममा काठमाण्डौ उपत्यका लगायत देशका विभिन्न शहरहरुमा प्रहरीले पानीका फोहरा, अश्रुग्यास, लाठीचार्ज र गोली प्रहार गर्दा अहिले साँझको ५:१५ सम्म विभिन्न संचार माध्यमले जनाए अनुसार १७ जना आन्दोलनकारी युवाको मृत्यु भइसकेको छ । अन्य सयौंजना युवाहरु घाइते भएका छन् । सर्वप्रथम शान्तिपूर्ण ढंगले विरोधमा उत्रिएका युवाहरुमाथि ओली सरकारले गरेको प्रहरी दमन र हत्याको हाम्रो पार्टी तीव्र निन्दा तथा घोर भर्त्सना गर्दछ । साथै हाम्रो पार्टी प्रहरी दमन बन्दगर्न, मृतकका परिवारलाई उचित क्षतिपूर्ति दिन, घाइतेको निशुल्क उपचार गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछ ।

सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाउने र त्यसको विरोधमा उत्रिएका निहत्था युवाहरुमाथि बल प्रयोग गरी दमन गर्ने ओली सरकार चरम फासीवादी बन्दै गएको तथ्य स्पष्ट हुन्छ । यसको हाम्रो पार्टी कडा विरोध गर्दछ । सरकारले कानुन बनाएर सामाजिक संजाल नियमन गर्नु पर्नेमा त्यसो नगरी एक्कासी सामाजिक संजाल बन्दगर्नु गलत भएको छ । हाम्रो पार्टी सामाजिक संजालहरुमाथि लगाएको प्रतिबन्ध तुरुन्त हटाउन माग गर्दछ ।

मिति : भाद्र २३, २०८२

गौरव
गौरव
कार्यवाहक महासचिव